# अग्नीसाइर कृष्णासवरन गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

सितापुर, सप्तरी

२ नं. प्रदेश, नेपाल ।

प.सं. : २०७५/७६

च.नं. : ४५९

मिति :२०७५/७/१२

विषय : निर्देशन कार्यान्वय सम्बन्धमा

श्री वडा कार्यालयहरु (सबै )

अग्नीसाइर कृष्णासवरन गाउँपालिका

उपरोक्त सम्बन्धमा मुलुकी देवानी ( संहिता) ऐन, २०७४ र मुलुकी अपराध (संहिता) ऐन, २०७४ मिति २०७५/५/१ बाट लागू भए पश्चात जन्म, मृत्यू, विवाह लगायत अन्य व्यक्तिगत घटना दर्ताको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको च.नं. १८ मिति २०७५/६/२४ ,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४८ मिति २०७५/७/७ र केन्द्रीय पंजीकरण विभागको च.नं. १९४ मिति २०७५/७/८ को पत्रको छायाँकपी यसै साथ संलग्न गरी पठाइएकोमा सोही बमोजिम गर्न गराउनुहुन अनुरोध छ ।

धिरेन्द्र कुमार यादव

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# केन्द्रीय पञ्जीकरण विभाग

बबरमहल, काठमाडौं

पत्र संख्या:२०७५/०७६

चलानीनम्बर: ०५४

फो.नं. ०१४२३३८७९

फ्याक्स : ०१४२५८२४०

(नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, केन्द्रीय पञ्जिकरण विभाग, बबरमहल, काठमाडौं)

मिति २०७५/०७/०८

विषय :- निर्देशन कार्यन्वयन गर्ने सम्वन्धमा ।

श्री महा-नगरपालिका कार्यालय,सबै ।
श्री उप- महानगरपालिका कार्यालय,सबै ।
श्री नगरपालिका कार्यालय,सबै ।
श्री गाऊँपालिका कार्यालय,सबै ।

मुलुकी देवानी (संहिता) ऐन , २०७४ र मुलुकी अपराध (संहिता) ऐन , २०७४ मिति २०७५ भाद्र १ गते देखि लागु भए पश्चात जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन २०३३ को साविकको व्यवस्था वमोजिम (क) २०७५ भाद्र १ गते पश्चात २० वर्ष नपुगी भएको विवाह,वालविवाह र वहुविवाहको दर्ता र (ख) आमा र वावुको उमेर २० वर्ष पुरा नभई जन्मेको वच्चाको जन्म दर्ता सम्वन्धमा श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट प्राप्त निर्देशन यसै पत्रसाथ संलग्न गरी पठाईएको छ । साथै पत्रमा उल्लेखित विषयको अवगत गरी सोहि वमोजिम नै कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

श्री पंजीकरण मातहतका निकायलाई परिपत्र गरि ... ७/१२
दर्ता नं. ४०४
२०७५/०७/१२

(केशर वहादुर पण्डित)
निर्देशक

Scanned by CamScanner

फोन: ०१-४२००३३१
०१-४२००३३२
www.mofald.gov.np

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## (सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

Email: siss2075@gmail.com
सिंहदरबार, काठमाडौं ।

प.सं.: ०७५/७६
च.नं.: ५८

मिति : २०७५।०७।०७

श्री केन्द्रीय पञ्जीकरण विभाग,
बबरमहल, काठमाडौं ।

विषय:- निर्णय कार्यान्वयन सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयको च.नं.१८, मिति २०७५।०६।२४ को पत्र यसैसाथ संलग्न छ । सो पत्रबाट व्यहोरा अवगत गरी सोही अनुसार कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

...........
वन्दना कर्ण
शाखा अधिकृत

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
केन्द्रिय पञ्जिकरण विभाग
बबरमहल, काठमाडौं
द.नं. ४८१/०७५।०७६
मिति:........

श्री प्रशासन शाखा
व्यहोरा अध्ययन गरी
मन्त्रीकोलागि निर्देशनको लागि पेश गर्नु ।
२०७५/०७/०७

Scanned by CamScanner

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(..........................................शाखा)

प.सं. : ०७५/७६
च.नं. : १८

सिंहदरवार, काठमाण्डौं

मिति: २०७५।०६।२४

उप सचिव सामाजिक सुरक्षा
पञ्जिकाधिकार विभाग
गर्न लेखी पठाउँ।

विषय: कानुनी राय सम्बन्धमा ।

६।२६-

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.- ६६२५
मिति.- २०७५।६।२५

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)

सिंहदरवार, काठमाडौं ।

उपर्युक्त विषयमा त्यस मन्त्रालयको प.सं. ०७४/०७६, च.नं. २८ र मिति २०७५।०६।०१ को पत्र अनुसार राय माग गरिएको विषयमा यस मन्त्रालयको राय देहाय बमोजिमको रहेको व्यहोरा मिति २०७५/०६/२२ को सचिवस्तरीय निर्णयानुसार अनुरोध गर्दै प्राप्त फाइल यसैसाथ फिर्ता पठाइएको छ ।

"तहाँ मन्त्रालयबाट माग भई आएको पहिलो प्रश्नको सम्बन्धमा हेर्दा, मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा १७३ को उपदफा (१) मा बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन भन्ने व्यवस्था गरेको छ भने सोही दफाको उपदफा (२) बमोजिम बीस वर्ष नपुगी भएको विवाह स्वत: बदर हुने देखिन्छ । त्यसैगरी मुलुकी देवानी (संहिता) ऐन, २०७४ को दफा (७०) को खण्ड (घ) मा महिला र पुरुष बीच विवाह हुने उमेर बीस वर्ष पूरा भएको हुनुपर्ने रहेको छ। बीस वर्ष उमेर पूरा नहुँदै विवाह गरेको परिणमस्वरुप वा अविवाहित अवस्थामा नै बच्चा जन्मिएमा जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ बमोजिम त्यस्ता बच्चाको जन्म दर्ता गर्न मिल्ने वा नमिल्ने सम्बन्धमा मुलुकी देवानी (संहिता) ऐन, २०७४ को दफा ७५ मा "दफा ७२ बमोजिम विवाह बदर भएमा वा दफा ७३ बमोजिम विवाह बदर गराएमा त्यस्तो विवाहबाट जन्मिसकेको वा दफा ७४ को उपदफा (२) को अवस्थामा जन्मिएको शिशुको कानून बमोजिमको हकमा कुनै असर पर्ने छैन" भन्ने व्यवस्था रहेकोले बीस वर्ष उमेर पूरा नहुँदै भएको विवाहको परिणामस्वरुप वा अविवाहित अवस्थामा नै जन्मिएका शिशुको जन्म दर्ता गर्न बाधा परेको देखिएन ।

नेपालको संविधानको धारा ३९ को उपधारा (१) मा "प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामाकरण र जन्मदर्ताको हक हुनेछ" भनी उल्लेख गरेको छ। मौलिक हकको रुपमा रहेको उक्त संवैधानिक अधिकारलाई राज्यका सबै निकायबाट कार्यान्वयन गर्नुपर्ने हुन्छ। जन्मदर्ताको प्रमाणपत्र बालबालिकाको

फोन: ४-२११९८७, ४-२११७८६, ४-२११६३०, ४-२११७५१, ४-२११६३४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७
फयाक्स नं.: ४-२११६८४

Scanned by CamScanner

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
(.......................................................शाखा)
प.सं. :
च.नं. :
सिंहदरवार, काठमाण्डौं

पहिचान तथा हक अधिकारसँग सम्बन्धित विषय भएकोले कानूनमा कुनै द्विविधा वा अस्पष्टता देखिएको अवस्थामा पनि बालबालिकाको सर्वोत्तम हित, हक र अधिकारलाई केन्द्रमा राखी अर्थ गर्नुपर्ने हुँदा नेपालको संविधानको धारा ३९ को उपधारा (१) तथा मुलुकी देवानी (संहिता) ऐन, २०७४ को दफा ७५ अनुसार आमा र बाबुको उमेर बीस वर्ष नभएको अवस्थामा जन्मिएको बच्चा र विवाह भइनसकेको अवस्थामा जन्मिएको बच्चाको जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ५ बमोजिम जन्म दर्ता गरी सोही ऐनको दफा ६ बमोजिमको प्रमाणपत्र दिन नमिल्ने भनी अर्थ गर्न नमिल्ने ।

अब, दोस्रो प्रश्नको सन्दर्भमा यस मन्त्रालयको च.नं. ६, मिति २०७५/०४/२९ को पत्रबाट सम्वत् २०७५ साल भाद्र १ गते देखि बाल विवाह तथा बहुविवाहको घटनालाई दर्ता गरी प्रमाणपत्र दिन नमिल्ने राय दिइसकेको अवस्था छ । सम्वत् २०७५ साल भाद्र १ गते भन्दा अगावै भएको बहुविवाह वा बीस वर्ष उमेर पूरा नहुँदै भएको विवाहको घटना साविक बमोजिम दर्ता गरी प्रमाणपत्र दिन मिल्ने वा नमिल्ने सम्बन्धमा हेर्दा, साविक मुलुकी ऐन विहावरी महलको २ नं. मा विहावरी गर्दा महिला र पुरुषको उमेर बीस वर्ष नपुगी विहावरी गर्न गराउन हुँदैन भनी विवाहको उमेर बीस वर्ष राखेको पाइन्छ । सोही नं. को देहाय ९ मा "लोग्ने मानिस वा स्वास्नी मानिस मध्ये कसैको उमेर बीस वर्ष नपुगी विवाह भएको रहेछ र सन्तान पनि जन्मेका रहेनछन् भने बीस वर्ष उमेर नपुगी विवाह भएकोले बीस वर्ष उमेर पुगेपछि मन्जुरी नगरे त्यस्तो विवाह बदर गर्न पाउँछ" भन्ने व्यवस्था राखी बीस वर्ष भन्दा कम उमेरमा भएको विवाहलाई बदरयोग्य विवाहको कोटीमा राखेको र बीस वर्ष उमेर पूरा भएपछि मन्जुर भएमा त्यस्तो विवाह सदर हुने व्यवस्था रहेको पाइन्छ ।

त्यसैगरी बहुविवाहको सन्दर्भमा साविक मुलुकी ऐन, विहावरीको महलको १० नं. मा बहुविवाह गर्नेलाई सजायको व्यवस्था गरिएको छ भने स्वतः बदर वा बदरयोग्य के हुने भन्ने विषयमा मौन रहेको पाइन्छ ।

बाल विवाह वा बहुविवाहलाई साविक मुलुकी ऐनले स्वतः बदरको कोटीमा नराखेको कारण नै सम्वत् २०७५ साल भाद्र १ गते अगाडिसम्म त्यस्ता विवाह जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ बमोजिम दर्ता हुँदै आइरहेको पाइन्छ । साविकको मुलुकी ऐनलाई मुलुकी अपराध (संहिता) ऐन, २०७४ समेत कार्यान्वयनमा आउँदा खारेज भएको सन्दर्भमा नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४ को खण्ड (ख) मा "यसरी खारेज भएको ऐनको अघि चालू भएको कुरा वा सो बमोजिम रित पुर्‍याई अघि नै गरिएको कुनै काम वा भोगिसकेको सजायलाई असर पार्दैन" भन्ने व्यवस्था भएकोले साविक मुलुकी ऐन

फोन: ४-२११९८७, ४-२११७८६, ४-२११६३०, ४-२११७४१, ४-२११६३४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७
फ्याक्स नं.: ४-२११६८४

Scanned by CamScanner

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(.............................................शाखा)

प.सं. :
च.नं. :

सिंहदरवार, काठमाण्डौं

खारेज हुनु अगाडि भएका बहुविवाह तथा बाल विवाह दर्ता नभएको अवस्थामा पनि स्वतः बदर हुने देखिदैन । त्यसैगरी साविकको मुलुकी ऐन बमोजिम भए गरेका कार्यलाई केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (३) ले बचाउ समेत गरेको देखिदा साविकको मुलुकी ऐनले बहुविवाह र बाल विवाहलाई स्वतः बदर नमानी बदरयोग्य विवाहको श्रेणीमा राखी यस्ता विवाह जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ बमोजिम दर्ता हुँदै आएकोले मुलुकी अपराध (संहिता) ऐन, २०७४ ले बहुविवाह र बाल विवाहलाई स्वतः बदरको श्रेणीमा राखी उक्त ऐन लागू भएको मिति २०७५/०५/०१ देखि त्यस्ता विवाह दर्ता गर्न नमिल्ने भए पनि हालको कानून लागू हुने मिति २०७५ साल भाद्र १ गते भन्दा अगाडि भएका बहुविवाह वा बीस वर्ष नपुग्दै भएका विवाहको घटनालाई साविक बमोजिम सम्वत् २०७५ साल भाद्र १ गते भन्दा अगाडि यस्ता विवाह भएको हो भन्ने प्रमाणित भएमा दर्ता गरी प्रमाणपत्र दिन मिल्ने देखिने ।"

(अनुशील सापकोटा)
शाखा अधिकृत

फोन: ४-२११९८७, ४-२११७८६, ४-२११६३०, ४-२११७४१, ४-२११६३४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११[illegible]
फयाक्स नं.: ४-२११६८४

Scanned by CamScanner